स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

पत्र संख्या: ०७७/७८

चलानी नः ३६२९

१ नं.प्रदेश,नेपाल

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं. प्रदेश, नेपाल

मितिः २०७८/०१/१७

विषयः विद्यालय सञ्चालन सम्बन्धमा।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
इलाम नगरपालिका,इलाम।

प्रस्तुत विषयमा नगर शिक्षा समिति र नगरस्तरीय परीक्षा सञ्चालन तथा समन्वय समितिको मिति २०७८/०१/१६ गते बसेको आकस्मिक संयुक्त बैठकको निर्णयानुसार विद्यालय सञ्चालनका सम्बन्धमा तपसिलबमोजिम गर्नु गराउनु हुन जानकारीका लागि अनुरोध छ।

**तपसिलः**

१. कोभिड – १९ को संक्रमण दर घट्दै गई सहज परिस्थिति सृजना भएमा परीक्षा सञ्चालन तथा व्यवस्थापनका कार्यहरु अगाडि बढाउनु पर्ने भएकोले वार्षिक परीक्षाको तयारी अवस्थामा रहने साथै बालबालिकाहरुलाई आ-आफ्नो घरमा नै सुरक्षित राखी पठनपाठनलाई नियमितता दिन अभिभावकहरुलाई अनुरोध गर्ने।

२. कोभिड – १९ को संक्रमणका कारण विद्यालयमा पठनपाठन र परीक्षाका कार्यहरु बाहेक अन्य कार्यहरु (जस्तैः विद्यालयका दैनिक प्रशासनिक कार्यहरु, No Cost, Low Cost का शैक्षिक सामग्रीहरुको निर्माण, फूलबारीको निर्माण, विद्यालय परिसरमा वृक्षारोपण, शैक्षिक अनुसन्धान प्रतिवेदन तयारी, शैक्षिक कार्ययोजना निर्माण, आदि) नियमित गर्नका लागि स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरुको पालनाका साथ प्रधानाध्यापकले आलोपालो पद्धती अनुसार शिक्षक तथा कर्मचारी खटाउने। यसरी पालोको कारण अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा प्रधानाध्यापकले कोभिड काज जनाउने।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)